जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक १८८ २०८१ साल फागुन १२ गते सोमबार (24 Feb. 2025 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**
लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : हङ्कङ फ्लुको प्रकोप ... ३ पृष्ठमा : प्रतिनिधिसभाः समसामयिक ... ३ पृष्ठमा : ग्रिनेड विस्फोट ...

## महिला तथा बालबालिका मन्त्री साहले गरे एकैदिन दुई आयोजनाको शिलान्याश



**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन ।**
महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवल किशोर साहले एक कार्यक्रमकाबीच सप्तरीमा एकैदिन दुई वटा आयोजनाको शिलान्यास गरेका छन् ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा आईतवार एकै दिन उनले दुईवटा आयोजना निर्माणको शिलान्यास गरेका हुन् ।

वडा नं.९ स्थित महाविर उच्च माध्यमिक विद्यालयमा थप कक्षाकोठा भवन निर्माण तथा सोही वडा स्थित माहाबीर चौक भगवती स्थान देखी हनुमान मन्दिर गेट सम्मको सडक स्तरोन्नती कार्यको उनले गरे ।

शिलान्यास गरेपछि बोल्दै मन्त्री साहले शिक्षा, स्वास्थ्य र पूर्वाधार विकास बिना मुलुकको विकास सम्भव नरहेको बताए ।

उनले शिक्षा, स्वास्थ्य र पूर्वाधार निर्माण लगायतका क्षेत्रमा आफुले प्रयत्न गरिरहेको बताउँदै उनले यसमा सबैको सकारात्मक सहयोग प्राप्त हुने विश्वास व्यक्त गरे ।

विकास निर्माण आफ्नो पहिलो प्राथमिकतामा रहेको र बाचुन्जेल विकास र जनताको सेवक भई काम गर्ने प्रतिबद्धता जनाए ।

आफनो निर्वाचन क्षेत्र समेत रहेको उक्त वडामा जनताको आवश्यक्तालाई बुझेर आफ्नो प्रयास पहलमा भौतिक पुर्वाधार मन्त्रालयबाट उक्त आयोजनाका लागी क्रमशः १ करोड र १ करोड ७१ लाख रुपैया बजेट व्यवस्थापन गर्न सफल भएको उनले जानकारी दिए ।

यसअघि गत शनिवार पनि मन्त्री साहले जिल्लाको अग्नीसाईर कृष्णासवरण गाउँपालिका ६ मोहनपुरमा १ करोड ८७ लाख १९ हजारको लगानीमा निर्माण हुने पक्की सडक तथा सप्तकोशी नगरपालिका २ मा गोबर्द्धन बैरागी जनता माध्यमिक विद्यालयमा थप कक्षाकोठा भवन निर्माणको शिलान्यास गरेका थिए ।

## जनमत पार्टीको फेसबुक पोष्ट प्रति नेपाल पत्रकार महासंघ सप्तरीको आपत्ति




**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन ।**
नेपाल पत्रकार महासंघ, सप्तरीले जनमत पार्टीका अध्यक्ष डा सिके राउतको फेसबुक पेज मार्फत सप्तरी तथा मधेशका पत्रकारलाई लक्षित गरी गरिएको पोष्ट प्रति आपत्ति जनाएको छ ।

महासंघले आईतबार एक प्रेस बिज्ञप्ती जारी गर्दै ८ फागुनमा जनमतको सचिवालय पेजबाट 'सप्तरीमा कुनै पनि रिपोर्टिङ गर्दा अन्य जिल्ला वा पहाड तिरको पत्रकार ल्याई निष्पक्ष रिपोर्टिङ गर्नु' भन्ने शब्द सहित लेखिएको प्रति आपत्ति जनाएको हो ।

राउतको सचिवालयले दिएको अभिव्यक्ति प्रति खेद प्रकट गर्दै जनमत पार्टीले ८ माघ २०८० मा मधेश कृषि विश्वविद्यालय शिलान्यासका क्रममा उत्पन्न विवाद र झडपबारे समाचार नलेखेको भन्नु सरासर गलत भएको उल्लेख गर्दै 'त्यसबेलाका पत्रपत्रिका, अनलाइन, टेलिभिजन

***बाँकी तीन पृष्ठमा***

## सिरहामा सवारी दुर्घटना हुँदा दुई जनाको मृत्यू

**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन ।**
सिरहाको मिर्चैया र धनगढीमाइमा आईतवार सवारी दुर्घट्ना हुँदा दुई जनाको मृत्यु भएको छ ।

पुर्व पश्चिम राजमार्ग अन्तर्गत मिर्चैया नगरपालिका-७ स्थिते ट्रकमा पिकअप भ्यान ठोक्किँदा दुर्घट्ना भई दुई जनाको मृत्यू भएको हो ।

पिकअप भ्यानका सहचालक सिन्धुलीको दुधौली नगरपालिका-१४ का २७ वर्षीय मिलन सुनारको घट्नास्थलमा मृत्यु भएको छ ।

***बाँकी तीन पृष्ठमा***

## जोखिमपुर्ण यात्रा गर्न बाध्य भएपनि बाढीले क्षतिग्रत बनाएको ५ वर्ष बित्न लाग्दा बनेनन् सडक र पुल

**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन ।**
सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १४ स्थित तिलाठी-हनुमाननगर तथा भारतीय बजार कुनौली जोड्ने सडक बाढीले भत्काएको ५ बर्ष बित्यो ।

२०७७ साल साउनमा जीता, महुली र खाँडो खोलाको बाढीले सो सडकको झण्डै सय मिटर सडक र २ वटा स साना पुललाई क्षतीग्रस्त बनाएको थियो । सडको केही भाग र पुल बाढीले भत्काएको ५ वर्ष वित्न लाग्दा समेत त्यसको मर्मत सम्भार र पुर्ननिर्माण कार्य शुरु हुन नसक्दा आवत जावतमा जोखिम बढेको छ ।



सडकको मरमत संभारको काम शुरु हुन नसक्दा आमसर्वसाधारण जोखिमपुर्ण यात्रा गर्न बाध्य छन् ।

बाढीले सडकमा पर्ने २ वटा साना पुलको दाँया बायाँ दुबै तिरको करिब ५०/५० मिटर र दुई वटा पुललाई समेत क्षती पुऱ्याएको थियो । आवत जावतमा समस्या भएपछि स्थानीय केही टेम्पो, सिटरिक्सा तथा म्याजिक लगायत सवारीका चालकले पुलको केही भागमा ढुंगा, माटो र बालुवाको बोरा राखेर जोखिमपुर्ण ओहोरदोहोर गर्दै आएका छन् भने ठूला सवारी साधन भने चल्न छोडेको छ ।

तिलाठी-हनुमाननगर सडक खण्ड भएर सप्तरी सदरमुकाम राजविराज जाने यात्रु अहिले ५ किलोमिटर टाढा पर्ने अर्कै बाटो प्रयोग गरेर आवत जावत गर्न बाध्य भएका छन् ।

कोशी, जीता, महुली, खाडो लगायतका नदी खोलाबाट बग्ने पानीको उचित निकास नहुदा वर्षेनी यहाँका जनताले सडक कटानबाट सास्ती भोग्नु बताउँछन् तिलाठी कोइलाठी गाउँपालिकाका विपद व्यवस्थापन अधिकृत राजेश कुमार झा ।

उनले बाढीको पानी निकासका लागी यहाँ स-साना पूल होइन, एउटा लामो पूल नै आवश्यक रहेको बताए । गाउँपालिकाको बजेटले सो सम्भव नभएकोले प्रदेश वा संघीय सरकारले चासो लिएर ठूलो पुल बनाउनु पर्ने उनको भनाई छ ।

"यस मार्गबाट विराटनगर, धरान, इटहरीका साथै सीमावर्ती कुनौली, निर्मली, दरभंगा, मधुवनी लगायतका सहरसम्म पुग्न सहज हुने गरेको थियो । तर सडक कटानमा परेपछी ठुला सवारी साधन आवतजावत ठप्प भई एक गाउँबाट अर्को गाउँ जान र विरामीलाई अस्पताल सम्म लैजान पनि समस्या छ ।" अधिकृत झाले भने ।

राजविराज भन्सार कार्यालय समेत यसै सडक खण्डको ३ सय मिटर दुरीमा

***बाँकी तीन पृष्ठमा***

## सडकको संरक्षण गरौं

➢सडक सबैको साझा सम्पत्ति हो, त्यसको संरक्षण र संवर्द्धन गर्नु सबैको दायित्व हो,

त्यसैले,

➢ सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौं,

➢निर्माण सामाग्री सडकमा नथुपारौं,

➢ सडकमा सवारी साधन धुने नगरौं,

➢सडकका नालीमा अवरोध नगरौं,

➢सवारी आवागमनमा वाधा नपुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# स्वयम्भू महोत्सव सुरु

काठमाडौँ, १० फागुन (रासस)।

स्थानीय पहिचान र सम्भावना प्रवर्द्धन गर्ने उद्देश्यका साथ काठमाडौँ महानगरपालिका वडा नं १५ को आयोजनामा आईतवारदेखि प्रथम 'स्वयम्भू महोत्सव' सुरु भएको छ। स्वयम्भूको भुइँखेल चौर र धर्मचक्र पार्कमा सुरु भएको उक्त महोत्सवको आईतवार काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र साहले उद्घाटन गरेको हो।

सो क्रममा उनले स्वयम्भू क्षेत्र धार्मिक एवं सामाजिक सहअस्तित्व र सहभावमा आधारित अनुपम समाज भएको आदर्श भूमिका रूपमा चित्रण गर्यो। "हिन्दू, बौद्ध, किरात र बोन धर्मावलम्बीको मिश्रित बसोबास भएको यस क्षेत्रका नागरिकका बीचको आपसी सम्बन्ध आत्मीय छ। आफ्नो धर्म मान्ने, अरुको धर्मको आदर गर्ने, धर्मावलम्बीप्रति सहभाव राख्ने यस प्रकारको समाज विरलै पाइन्छ", प्रमुख साहले भन्यो, "सद्भावयुक्त सामाजिक यो व्यवस्था उदाहरणीय र अनुकरणीय छ। यसलाई प्रवर्द्धन गर्नुपर्छ।"

काठमाडौँ महानगरपालिकाका उपप्रमुख सुनिता डङ्गोलले स्थानीय उत्पादनको बजारीकरण, मौलिक खाना र हस्तकलाका सामानको महत्व वृद्धि गर्न महोत्सव फलदायी हुने विश्वास व्यक्त गर्यो।

काठमाडौँ महानगरपालिका-१५ को प्राकृतिक सुन्दरता, मानव निर्मित धार्मिक, सांस्कृतिक तथा सामाजिक संरचना, रीतिथिति र परम्परा, मठमन्दिर, चैत्य, गुम्बा, सत्तल, विहारसहितका प्राचीन स्मारक प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको हो। महोत्सवबाट आफ्लेलमा परेका प्राचीन स्मारक पर्यटकीयस्थलका रूपमा प्रवर्द्धन हुने वडाध्यक्ष ईश्वरमान डङ्गोल बताएको छ।

महोत्सवमा वडाबाट उद्यमशीलता र जीविकोपार्जनका लागि तालिम लिएका व्यक्ति तथा सङ्घसंस्थाले उत्पादन गरेका वस्तु तथा सामान, स्थानीय उत्पादन, तरकारी तथा फलफूल, ऊन तथा अन्य धागोबाट बनेका पहिरन प्रदर्शनीमा राखिएका छन्। महोत्सवमा करिब ६० कक्षबाट प्रदर्शनी र सेवा प्रदान गरिनेछ।

परम्परागत बाजा, वडावासीका जन्मदेखि मृत्युपर्यन्तका संस्कारसँग सम्बन्धित चित्र, संस्कृति र परम्परासँग सम्बन्धित चित्र, बुद्धको जीवनीसँग सम्बन्धित चित्र, हुलाक टिकट र मुद्रा प्रदर्शनमा राखिएको छ। मौलिक खानाका कक्ष, स्वास्थ्य परीक्षण, रक्तदान, रञ्जना लिपि लेखन, मुहार चित्रकारितासहित सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रम र खेल महोत्सवका थप आकर्षणका रूपमा रहेका छन्। महोत्सव यही फागुन १७ गतेसम्म चल्नेछ।

# राष्ट्रिय फुटबलको सेमिफाइनल समीकरण पूरा

सुदूरपश्चिम, ११ फागुन (रासस)।

कैलालीको गौरीगङ्गामा जारी जयपृथ्वीबहादुर सिंह राष्ट्रिय फुटबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ। शनिबार हुने खेलमा कोशी प्रदेशको फुटबल टोली अनुपस्थित भएपछि सेमिफाइनल समीकरण पूरा भएको हो।

कोशीको टोली अनुपस्थितभएसँगै लुम्बिनी प्रदेशको राइजिङ स्टार क्लब आन्तिम चारमा पुगेको छ। लुम्बिनीले अब फाइनलका लागि बागमती प्रदेशको लक्की स्टार क्लबसँग प्रतिस्पर्धा गर्नेछ।

***बाँकी तीन पृष्ठमा***


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# हङ्कङ फ्लुको प्रकोप चुलिँदै

***- डा शेरबहादुर पुन***

काठमाडौँ, ११ फागुन (रासस)।

केही दिनअघि एक परिचित व्यक्तिलाई एक महिनादेखि खोकीले नछोडेको भनि परामर्श लिने उद्देश्यले भेट्न आउनुभएको थियो। हातमा केही हप्ता अगाडि गरिएको स्वास्थ्य परीक्षणका केही रिपोर्टहरु पनि थिए, जसमा फ्लु परीक्षणको रिपोर्ट पनि थियो। त्यसमा हङ्कङ फ्लुको नामले परिचित इन्फ्लुइञ्जा (छोटकरीमा फ्लु भन्ने गरिन्छ) 'ए' को 'एच थ्री' प्रजाति पुष्टि थियो। सो बिरामीलाई केही दिनसम्म ज्वरो आउने, टाउको दुख्ने, घाँटी दुख्ने, जिउ दुख्ने, नाकबाट पानी बग्ने अनि खोकी लाग्नेजस्ता समस्याहरु देखिएको भनेका थिए। तर माथि उल्लेख गरे झैँ खोकी भने मसँग संवाद हुँदासमेत प्रष्टै देखिन्थ्यो। यति लामो समयदेखि निरन्तर देखिएको यो अवस्थाको खोकीलाई 'पोष्ट भाइरल कफ' भन्ने गरिन्छ। र यस्तो अवस्था हाल समुदायमा धेरैमा भएको देखिन्छ। सामान्यतया तीनदेखि आठ हप्तासम्मको निरन्तर खोकीलाई 'पोष्ट भाइरल कफ' वा 'पोष्ट इन्फेकसियोस कफ' भन्ने गरिन्छ।

सामान्यताः नेपालमा फ्लु भाइरस वर्षमा दुई पटक बढी सक्रिय हुने गर्दछ। पहिलो लहर जनवरी-मार्च महिनामा देखिने गर्दछ भने अर्को जुलाई-सेप्टेम्बर महिनामा देखिने गर्दछ। यसैले यो भाइरसलाई 'मौसमी फ्लु' पनि भन्ने गरिन्छ। फ्लु भाइरस 'ए', 'बि', 'सी' र 'डि' गरी चार प्रकारका हुन्छन्। यसमा 'ए' र 'बि' भाइरसले विशेषतः स्वास्थमा समस्या निम्त्याउने गर्दछ। फ्लु 'ए' भाइरस विभिन्न समयमा पेनडेमिकको रुप दोहोरिने गरेको विगतका अनुभवहरु छन्।

कोभिड-१९ भन्दा अगाडि सन् २००९ मा फ्लु 'ए' अन्तर्गत 'एचवान एनवान' प्रजातिको भाइरसलाई विश्व स्वास्थ सङ्गठनले पेनडेमिक घोषणा गरेको थियो। यो भाइरसलाई शुरुमा 'स्वाइन फ्लु' भन्ने गरिएको भएता पनि पछि 'एचवान एनवान पिडिएम ०९' नामकरण गरिएको थियो। हाल यो प्रजातिको भाइरसलाई 'मौसमी फ्लु' भन्ने गरिन्छ। हरेक बर्ष फ्लुको सिजनमा यो प्रजातिको भाइरस नेपालमा देखिदै आइरहेको छ। त्यस्तै सन् १९१८ मा पनि फ्लु 'ए'अन्तर्गत 'एचवानएनवान' प्रजातिको भाइरसले महामारीको रुप लिएको थियो। भनिन्छ, यो भाइरसलाई आधुनिक इतिहासको उच्चतम घातक सङ्क्रामक रोगको रुपमा पनि लिने गरिन्छ। सो समयमा यो प्रजातिको भाइरसले विश्वको झण्डै एक तिहाइ जनसङ्ख्यालाई सङ्क्रमित गरेको अनुमान गरिन्छ। अनि झन्डै पाँच सय लाख मानिसको मृत्यु यही भाइरसका कारणले भएको पनि अनुमानित तथ्याङ्क छ।

फ्लु 'ए' भाइरसअन्तर्गत 'एचफाइब एनवान' प्रजातिको भाइरस अर्थात् 'बर्ड फ्लु' पनि पर्दछ। यो प्रजातिलाई पनि उच्च घातक सङ्क्रमणको रुपमा लिने गरिन्छ। यसको मृत्युदर ५० प्रतिशतभन्दा बढी देखिने गरेको छ। यो रोग सङ्क्रमित पन्छीबाट मानिसमा सर्ने गर्दछ। यद्यपि हालसम्म यो भाइरस मानिसबाट मानिसमा भने सहजै सरेको देखिँदैन। चाखलाग्दो कुरा के छ भने, बर्ड फ्लु पन्छीबाट मात्र मानिसमा सर्ने देखिएकामा केही महिना अगाडि अमेरिकामा गाईबस्तु वा सोको दूधबाट पनि यो भाइरस मानिसमा सरेको पुष्टि भएको थियो। उच्च घातक मानिने 'एचफाइब एनवान' बर्ड फ्लुको जोखिमको स्रोत थपिँदा मानिसको लागि यो नयाँ चुनौतीका रुपमा खडा भएको देखिन्छ।

नेपालमा सन् २०१९ मा पहिलोपटक मानिसमा 'एचफाइब एनवान' बर्ड फ्लु देखिएको थियो। तर दुर्भाग्यबस सो सङ्क्रमित युवाको भने सोही भाइरसको जटिलताबाट मृत्यु हुन गएको थियो। यस अर्थमा नेपालमा देखिएको बर्ड फ्लुको मृत्युदर शतप्रतिशत मान्न सकिन्छ। नेपालमा सन् २००९ पछि बर्सेनि कुखुरा-हाँसजस्ता पन्छीमा 'एचफाइब एनवान' बर्ड फ्लु देखिँदै आइरहेको छ। तर नेपालको कृषि क्षेत्रमा अझै पनि जैविक सुरक्षाप्रति पर्याप्त ध्यान दिने गरेको भने पाइँदैन। यसका कारणले नेपालमा 'एचफाइब एनवान' बर्ड फ्लुको जोखिम मानिसमा उच्च रहेको मान्न सकिन्छ।

**के हो त 'हङकङ फ्लु' ?**

फ्लु 'ए' भाइरसअन्तर्गत 'एचथ्री एनटु' अर्को मुख्य प्रजाति हो। नेपालमा यो भाइरस 'एचवान एनवान पिडिएम ०९' प्रजातिको भाइरससँगै बर्सेनि देखिने गर्दछ। यसलाई 'हङ्कङ फ्लु' को नामले पनि चिनिने गर्दछ। सन् १९६८ मा पहिलोपटक हङ्कङमा प्रकोपको रुपमा देखिएको यो भाइरसले १० देखि ४० लाख मानिसको ज्यान लिएको अनुमान गरिन्छ। तर हाल यो भाइरस पनि 'मौसमी फ्लु' का रुपमा परिणत भइसकेको छ। दुई महिना अगाडिसम्म पनि व्यापक रहेको 'एचवान एनवान पिडिएम ०९' प्रजातिको भाइरसलाई नयाँ साल सन् २०२५ लागेसँगै 'हङ्कङ फ्लु' ले तीव्र गतिमा प्रतिस्थापन गरिदिएको छ।

'हङ्कङ फ्लु' फैलन सुरु भएसँगै धेरै मानिसहरु बिरामी भई घरमा नै आराम गर्नुपर्ने अवस्था/बाध्यता सिर्जना गरिदिएको छ। माथि उल्लेख गरे झैँ धेरैलाई लामो समयसम्म खोकीले समेत नछोडेको अर्थात् 'पोष्ट भाइरल कफ' को समस्या समेत देखिने गरेको छ। 'पोष्ट भाइरल कफ' को कारणमा 'हङ्कङ फ्लु'सँगै वायु प्रदुषणको समस्यालाई पनि नजरअन्दाज गर्न भने सकिँदैन। हाल वायु प्रदूषणले नेपाल आक्रान्त भइरहेको छ।

**लक्षणहरु के के हुन् त ?**

यसमा समान्यतया सङ्क्रमण भएको दुई दिनमा फ्लुका लक्षणहरु देखिन सुरु हुन्छ। अचानक ज्वरो आउनु, खोकी लाग्नु, टाउको दुख्नु, मांशपेशीका तथा जोर्नी दुख्नु, घाटी दुख्नु, नाकबाट पानी बग्नु, बालबालिकामा विशेषतः बान्ता हुनु जस्ता फ्लु भाइरसका प्रारम्भिक तथा मुख्य लक्षणहरु हुन्। अरु लक्षणहरु केही दिनमा (एक हप्तामा) कम हुँदै जाने भए तापनि खोकी भने दुई हप्ता वा सोभन्दा बढीसम्म रहन सक्दछ। कतिपयमा भने निमोनिया वा सेप्सिस जस्तो जटिलताहरु पनि देखिने गर्दछ। ज्येष्ठ नागरिक, रोग प्रतिरोधात्मक क्षमता कमजोर भएका, बालबालिका, दीर्घरोगी आदि फ्लु जटिलताको जोखिम पर्ने समूहहरु हुन्।

**उपचार के छ त ?**

खोक्दा, हाच्छिउँ गर्दा वा सङ्क्रमितले खोक्दा च्यालको छिटा सतहमा रहेको र सो ठाउँलाई हातले छोई नाक मुख आँखामा छोए सङ्क्रमण सर्ने गर्दछ। तसर्थ, सङ्क्रमित व्यक्तिले खोक्दा हातको बाहुलीले छोपेर मात्र खोक्नु पर्दछ। फ्लु पुष्टि भई लक्षणहरु देखिए 'ओसेल्टेमिभिर' नामक एन्टीभाइरल औषधि दिन सकिन्छ। यो औषधि नेपाल सरकारले विशेषतः जोखिम समूहकालाई भाइरस पुष्टि भएमा निःशुल्क उपलब्ध गराउँदै आइरहेको छ। भाइरसको परीक्षण राष्ट्रिय जनस्वास्थ प्रयोगशाला (केन्द्रीय प्रयोगशाला) मा हुने गर्दछ। यद्यपि, कोभिड-१९ को लहरपछि भने निजी अस्पताल वा प्रयोगशालाहरुले पनि परीक्षण गर्ने गरेको पाइन्छ। भाइरसको जटिलताबाट बच्ने उत्तम उपाय भनेको खोप नै हो। यो खोप शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पताललगायत विभिन्न निजी अस्पतालहरुमा लगाउने गर्दछ।

अन्तमा, मध्य डिसेम्बरसम्म चार प्रतिशतको हाराहारीमा देखिएको फ्लु भाइरस सन् २०२५ लागेसँगै ह्वात्तै बढेर झण्डै ३१ प्रतिशतको हाराहारीसम्म पुगेको छ। 'स्वाइन फ्लु' अर्थात् 'एचवान एनवान पिडिएम ०९' लाई प्रतिस्थापन गर्दै 'एचथ्री एनटु' अथवा 'हङ्कङ फ्लु' हाल तीव्र गतिमा फैलिरहेको तथ्याङ्कले देखाउँछ। तीव्रता पाएको मात्र होइन, धेरै मानिसमा लक्षणले कडा रुप लिएकोसमेत देखिन्छ। अनि कतिपयमा खोकीले हप्तौँसम्म दुःख दिएको वा लम्बिएको पनि देखिन्छ। फ्लु बर्सेनि देखिने भाइरस हो र धेरैले केही दिनको आराम पनि स्वास्थ लाभसमेत गर्दछन् तर जोखिम समूहका व्यक्तिहरुले भने जटिलताको सामना गर्नुपर्ने जोखिम भएकाले सङ्क्रमित भएको अवस्थामा चिकित्सकको परामर्श लिनु उत्तम हुनेछ। फ्लुविरुद्धको खोप पनि सहज उपलब्ध भएकाले फ्लुको जटिलताबाट बच्न जोखिम समूहकाहरुले खोप लिनु सबैभन्दा राम्रो उपाय हुनेछ। *(लेखक शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालको क्लिनिकल रिसर्च युनिटका संयोजक हुनुहुन्छ)*

# पोर्चुगलमा पहिलोपटक नेपाली दूतावास स्थापना

लिस्बन (पोर्चुगल), ११ फागुन (रासस)।

युरोपेली मुलुक पोर्चुगलमा पहिलोपटक नेपाली दूतावास स्थापना भएको छ। परराष्ट्र मन्त्रालयबाट आएका कर्मचारीको टोलीले राजधानी लिस्बनमा दूतावास स्थापनापछि सेवा दिन सुरु भएको हो।

दूतावासले लिस्बनस्थित अल्कान्तारामा अस्थायी कार्यालय सञ्चालन गरेर सेवा प्रवाह गर्न सुरु गरेको जनाएको छ। नेपाली दूतावास लिस्बनले फ्रान्सस्थित नेपाली दूतावाससँगको सहकार्यमा घुम्ती सेवा सञ्चालन गरेर राहदानीसहित आवश्यक कागजात प्रमाणीकरणसम्बन्धी 'कन्सुलर' सेवा दिन सुरु गरेको हो।

शुक्रबारदेखि सुरु भएको घुम्ती सेवाबाट प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट) सहित करिब दुई सय कागजात प्रमाणीकरणको सेवा दिन थालेको दूतावासले जनाएको छ। शिविर अवधिभर दूतावासले अधिकृत वारेसनामा प्रमाणीकरण बाहेकका अन्य प्रहरी चारित्रिक प्रमाणपत्र, नाता प्रमाणित, जन्मदर्ता, विवाह दर्तालगायत कागजात प्रमाणीकरणसम्बन्धी कन्सुलर सेवा प्रदान गर्नेछ।

यस्तै यसअघि सञ्चालन भएको घुम्ती शिविरबाट विद्युतीय राहदानीका लागि आवेदन दिएका सेवाग्राहीको तयार भएर आएको राहदानी वितरण गर्नेछ भने विविध कारणले राहदानी तयार हुन नसकेका सेवाग्राहीको पुनः जैविक तथ्याङ्क सङ्कलन गरिने दूतावासले जनाएको छ।

कागजात प्रमाणीकरण सम्बन्धी समस्यामा परेका नेपालीलाई सहज बनाउने उद्देश्यले हालका लागि घुम्ती सेवा सञ्चालन गरेर नेपाली दूतावास लिस्बनले राहदानीसहित अन्य कागजात प्रमाणीकरण सम्बन्धी अत्यावश्यक सेवा प्रवाह गर्न सुरु गरेको पोर्चुगलका लागि कार्यवाहक राजदूत रामबाबु नेपालले राससलाई जानकारी दिनुभयो। लिस्बनस्थित नेपाली दूतावासबाट यथाशीघ्र सम्पूर्ण सेवा प्रवाह हुने बताउँदै उहाँले त्यसका लागि केही समय लाग्ने भएकाले धैर्य गर्न पोर्चुगलवासी नेपालीलाई आग्रह गर्नुभयो।

"हामीले लिस्बनमा दूतावास स्थापना गरेर सेवा प्रवाह गर्न सुरु गरेका छौँ। हालका लागि अस्थायी कार्यालय सञ्चालन भएको छ", नेपालले भन्नुभयो, "दूतावासको स्थायी कार्यालय र कर्मचारीको निवासका लागि भवनको खोजी भइरहेको छ। नयाँ दूतावास भएकाले आन्तरिक तयारी र व्यवस्थापनमा पनि जुटिरहेका छौँ।"

पोर्चुगलका लागि नवनियुक्त नेपाली राजदूत प्रकाशमणि पौडेल केही दिनभित्रै पोर्चुगल आउनुहुने र त्यसपश्चात दूतावासले सम्पूर्ण सेवा प्रदान गर्ने कार्यवाहक राजदूत नेपालले जानकारी दिनुभयो। उहाँका अनुसार कन्सुलर सेवा सुरु भएसँगै प्रहरी चारित्रिक प्रमाणपत्रसहित अन्य कागजात प्रमाणीकरणसम्बन्धी समस्यामा परेका सेवाग्राही नेपालीको दूतावास परिसरमा घुइँचो लाग्ने गरेको छ।

दूतावासले कन्सुलर सेवा विभाग काठमाडौँले प्रमाणीकरण गरेको प्रहरी चारित्रिक प्रमाणपत्र, जन्मदर्ता, नाता प्रमाणित, विवाह दर्तालगायत अन्य कागजात प्रमाणीकरणकासम्बन्धी सेवा प्रदान गर्ने जनाएको छ। घुम्ती सेवामा फ्रान्सस्थित नेपाली दूतावासकी नियोग उपप्रमुख सीता बस्नेत, नेपाली दूतावास लिस्बनका तृतीय सचिव अनिल रानालगायत कर्मचारी खटिनुभएको छ। दूतावासले

***बाँकी तीन पृष्ठमा***

# प्रतिनिधिसभाः समसामयिक विषयमा सरकारको ध्यानाकर्षण

काठमाडौँ, ११ फागुन (रासस) ।

प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरूले जनजीविकाका विभिन्न विषयमा आवाज उठाउनुभएको छ । बैठकको शून्य समयमा उहाँहरूले समसामयिक विषयमा सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको हो ।

सांसद अच्युतप्रसाद मैनालीले नेपाल रेल तथा सुरुङमार्गको युगमा प्रवेश गरेको अवस्थामा सोसम्बन्धी दक्ष जनशक्ति उत्पादनका लागि इञ्जिनियरिङ पढ्न छात्रावृत्तिको व्यवस्था गर्न माग गर्नुभयो ।

सांसद अनिसा नेपालीले सल्यानटार र जाजरकोटका भूकम्प पीडितमध्ये ४० प्रतिशतले अहिलेसम्म राहत नपाएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद अमनलाल मोदीले भारतको उडिसास्थित केआइआइटी विश्वविद्यालयमा नेपाली विद्यार्थीको निधनप्रति दुःख व्यक्त गर्दै सरकारले त्यसमा विशेष पहल गर्न नसकेको टिप्पणी गर्नुभयो ।

सांसद अर्जुननरसिंह केसीले मुलुक भ्रष्टाचारको सूचकाङ्कमा एक श्रेणी अघि बढेको भन्दै यसले वित्तिय व्यवस्थामा राष्ट्रिय तथा अन्तरराष्ट्रिय जनतमा मुलुकको साख कमजोर बनाउने बताउनुभयो । उहाँले विश्सनीयता कायम गर्न अहिलेसम्म भ्रष्टाचार काण्डको छानबिनका लागि पूर्वप्रधानन्यायाधीशको अध्यक्षतामा उच्चस्तरीय आयोग गठन गरी छानबिन गर्नुपर्ने माग गर्नुभयो । उहाँले भ्रष्टाचार नियन्त्रण गर्न रु पाँच सय र रु एक हजारका नोटमा प्रतिबन्ध लगाउनुपर्ने धारणा राख्नुभयो ।

सांसद अशोककुमार चौधरीले सिरहाको लहान नगरपालिकास्थित खुट्टी खोलाको पुराना नहर हटाउनेसम्बन्धी निर्णयले किसानलाई गम्भीर असर परेको उल्लेख गर्दै छ दशकदेखि हजारौँ कृषकले यो नहरबाट सिँचाइको प्रयोग गर्दै आएकामा अहिले ढलमा प्रयोग गर्नु गैरकानुनी भएको बताउनुभयो ।

सांसद अञ्जनी श्रेष्ठले जेहेन्दार छात्रवृत्तिमा पढेका चिकित्सकले सरकारले गरेको सहमति पालना गरी विदेश जान चाहेमा राजिनामा स्वीकृत नहुँदा समस्या परेका बताउनुभयो । उहाँले अर्को व्यवस्था गर्न नसक्दा विद्यार्थी समस्यामा परेका भन्दै सामाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद आश्माकुमारी चौधरीले घोराही(तुलसीपुर सडकखण्डमा चार लेनको बाटो नबन्दा जनताले धुलो र असुरक्षित यात्राका कारण सास्ती भोग्नु परेकाले निर्माणलाई तीव्रगतिमा अघि बढाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद असिम साहले संयुक्त अधिराज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले नेपाललाई दिने अनुदानलाई ठगी भनेपछि प्रश्न उठेको तथा एमसिसीको अनुदान नै रोक्का गरेपछि यसको निरन्तरताका बारेका सरकारबाट हालसम्म केही प्रतिक्रिया नआएको भन्दै स्पष्ट धारणाको माग गर्नुभयो ।

सांसद उर्मिला माझीले माझी समुदायको 'लदी' पर्वलाई राष्ट्रिय पर्व घोषणा गरी सार्वजनिक बिदा दिन माग गर्नुभयो । सांसद ईश्वरबहादुर रिजालले राज्यशक्तिको स्रोत जनता भएको बताउँदै हुकुमी तन्त्रलाई जनताले नस्वीकार्ने बताउनुभयो ।

सांसद उदयशम्शेर जबराले सरकारको सडक विस्तार कार्यक्रम अन्योलमा परेकाले स्पष्ट नीति बनाएर उपत्यकाका यात्रुलाई सहज यात्रा गर्ने व्यवस्था गराउन सरकारले ध्यान दिनुपर्ने माग गर्नुभयो ।

सांसद एकनाथ ढकालले दरबारमार्गको सडक पेटीमा ग्रेनाइट बिछ्याएर दृष्टिविहीनमैत्री नबनाएको भन्ने गुनासो आएको हुनाले महानगरको सडकपेटी निर्माण गर्दा मौलिक परम्परालाई ध्यान दिँदै अपाङ्गमैत्री बनाउनुपर्नेमा जोड दिनुभयो ।

सांसद कान्तिका सेजुवालले रोयल्टी बाँडफाँटको नयाँ प्रतिवेदन आएको र रोयल्टी बाँडफाँटमा निर्धारण प्रतिशत र विषयहरु अव्यावहारिक भएकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद कालुराम राईले मिर्गौला प्रत्यारोपण नियमन तथा निषेध ऐन, २०५५ कानुन संशोधन गरेर सर्वसाधारणले उपचार गर्नसक्ने बनाउनुपर्ने बताउनुभयो ।

सांसद किरणकुमार साहले विदेशमा रहेका नेपाली विद्यार्थीको सुरक्षाबारे सरकारले चासो लिनुपर्ने र भारतमा भएको एउटा घटना मात्रै होइन अमेरिका, अष्ट्रेलिया, युरोपमा पनि विद्यार्थीले दुःख पाएको र आत्महत्या गरेको धेरै घटनाहरू भइरहेकाले विद्यार्थीको गुनासो सुन्ने निकाय बनाउनुपर्नेमा जोड दिनुभयो ।

सांसद कुसुमदेवी थापाले महालेखा परीक्षकले जहिले पनि वित्तीय प्रतिवेदन सार्वजनिक गर्ने गरेको भए पनि त्यसले देखाएको कमजोरीलाई सुधार गर्ने सम्बन्धमा पहल भएको नदेखिएकाले त्यसप्रति ध्यान दिन सरकारलाई आग्रह गर्नुभयो ।

सांसद गणेश पराजुलीले सङ्घीय सरकारले स्थानीय तहको काममा अवरोध खडा गर्न नहुने र स्थानीय सरकारको कामकारबाहीलाई हस्तक्षेप गर्न नहुने बताउनुभयो । सांसद चन्दा कार्की भण्डारीले स्वतन्त्र न्यायिक आयोग गठन गरेर ३५ वर्षदेखिका भ्रष्टचारका घटनाको अध्ययन, अनुसन्धान र छानबिन गर्नुपर्ने माग गर्नुभयो ।

सांसद छिरिङ ल्हामुलामा (तामाङ)ले सम्पत्ति शुद्धीकरण र भ्रष्टाचार रोक्ने खालका कानुन बनाए पनि त्यसको कार्यान्वयन प्रभावकारी नभएकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद जीवन परियारले कोभिड-१९ ले विश्वलाई आतङ्कित बनाएको बेलामा १७ लाख नागरिकले बिमा गरे पनि त्यसको भुक्तानी आजसम्म हुन नसकेकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो ।

## जोखिमपुर्ण...

मात्र अवस्थित छ । बाढीले सडक बगाएपछि ठूला सवारी साधनको आवागमन ठप्प हुँदा भन्सारको राजश्व असुली समेत प्रभावित भएको छ ।

दैनिक रुपमा १ हजार देखि २ हजार सर्वसाधारण आवतजावत गर्ने उक्त बाटो कटानमा परेपछी अहिले सय दुई सयको संख्यामा मात्र यात्रु आवतजावत गर्ने गरेको स्थानीयहरु बताउँछन । उनीहरुले चाँडो सडक निर्माणको माग समेत गरेका छन् ।

## सिरहामा...

पिकअप भ्यानका चालक दुधौली नगरपालिका-१४ का साकगर सुनार अवस्थाको अवस्था गम्भिर रहेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता विरेन्द्र कुमार पासवानले जानकारी दिए ।

यस्तै धनगढीमाइ नगरपालिका वडा नम्बर-१० कसहाबाट लहानतर्फ गइको टिपरले मोटरसाइकललाई पछाडिबाट ठक्कर दिँदा मोटरसाइकल चालक मिर्चैया नगरपालिका-५ का ५७ वर्षीय अजबलाल साहको मृत्यु भएको प्रहरीले जनाएको छ ।

## राष्ट्रिय...

अर्को सेमिफाइनल खेल कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशको फुटबल टोलीबीच हुनेछ ।

मधेस प्रदेशको नवजागृति क्लबलाई पराजित गरी सुदूरपश्चिम प्रदेश यसअघि नै प्रतियोगिताको सेमिफाइनल प्रवेश गरिसकेको छ । प्रतियोगिताको विजेताले रु पाँच लाखसहित ट्रफी पाउने छ भने उपविजेताले रु दुई लाख ५० हजारसहित ट्रफी मेडल पाउने छ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले रु ५० हजार तथा उत्कृष्ट गोलरक्षक, उत्कृष्ट रक्षक, उत्कृष्ट फरवार्ड, सर्वाधिक गोलकर्ता, उदीयमान खेलाडी र फेयर प्ले टोलीलाई जनही रु १५ हजार पुरस्कार दिइने आयोजक गौरीगङ्गा(११ स्पोर्टस क्लबका अध्यक्ष दिनेश कलेलले बताउनुभयो ।

समृद्धिको आधार फुटबलको पूर्वाधार भन्ने मूल नाराका साथ राष्ट्रिय विभूति जयपृथ्वीबहादुर सिंहको नाममा गौरीगङ्गा(११ स्पोर्टस क्लब र सुदूरपश्चिम खेलकुद परिषद्ले प्रतियोगिता सञ्चालन गरेको हो । यही फागुन १४ गतेसम्म चल्ने उक्त प्रतियोगितामा विभिन्न प्रदेशका फुटबल टोलीको सहभागिता रहेको छ ।

## जनमत...

अहिले पनि हेर्दा त्यस सम्बन्धी धेरै समाचार आएको हामी हेर्न सक्छौ ।' सचिव खगेन्द्र कार्कीले जारी गरेको बिज्ञप्तीमा उल्लेख छ ।

गौरवमय इतिहास बोकेको सप्तरीको पत्रकारिता अझै आफ्नो पेशाप्रति इमान्दार रहेको भन्दै बिज्ञप्तीमा यहाँका पत्रकार हरेक दल, जाति, धर्मसहित प्रत्येक क्षेत्रमा कलम चलाउँदै आएको कसैसँग नलुकेको उल्लेख गरिएको छ ।

जनमत पार्टीको यस किसिमको अभिव्यक्ति सप्तरीको समग्र पत्रकारिता क्षेत्र लाई नै बदनाम गर्ने खालको रहेको जनाउँदै सप्तरीका समग्र पत्रकारको मान सम्मानमा ठेस पुर्याउने उदेश्यले लेखिएको शव्दप्रति घोर भर्त्सना गरिएको छ ।

'उक्त अभिव्यक्ति फिर्ता लिन आग्रहसहित भविष्यमा यस प्रकारको पत्रकार विरुद्धका अभिव्यक्तिहरु सामाजिक संजाल वा अन्य कुनै माध्यममा प्रयोग नगर्न सचेत समेत गराउँदछौं' विज्ञप्ति मार्फत सचेत समेत गराईएको छ

## पोर्चुगलमा...

फेब्रुअरी २६ अर्थात् फागुन १४ गतेसम्म घुम्ती सेवा प्रदान गर्ने र त्यसपश्चात आफ्नो नियमित सेवा प्रवाह गर्ने जनाएको छ ।

लामो समयपछि यहाँ नेपाली दूतावास स्थापना भएपछि पोर्चुगलवासी नेपाली उत्साहित भएका छन् । दूतावास नहुँदा लामो समयदेखि राहदानीसहित कागजातसम्बन्धी समस्या भोग्दै आएका पोर्चुगलवासी नेपालीले अन्ततः दूतावास स्थापना भएसँगै सहज भएको बताएका छन् ।

दूतावास स्थापना भएपछि कागजात प्रमाणीकरण र राहदानी बनाउन स्पेन, फ्रान्सलगायत नेपाली दूतावास रहेका अन्य मुलुक जानुपर्ने बाध्यता अन्त्य भएको छ । पोर्चुगलमा नेपालीको यकिन तथ्याङ्क नभए पनि अनुमानित ६० हजारको हाराहारीमा रहेका दूतावासले अनुमान गरेको छ ।

यसअघि पटक(पटक फ्रान्सस्थित नेपाली दूतावासको टोली र राहदानी विभाग काठमाडौँको टोली पोर्चुगल आएर घुम्ती सेवामार्फत् पोर्चुगलवासी नेपालीलाई सेवा प्रदान गर्दै आएको थियो । यसअघि पोर्चुगलका लागि राजदूत सिफारिस हुनुभएका शनिल नेपाल पोर्चुगल आउन नपाएपछि फिर्ता बोलाइएको थियो ।

नेपाललाई फिर्ता बोलाएसँगै दूतावास स्थापनाको विषय केही समय अन्योल बनेको थियो । हाल उहाँ स्पेनका लागि राजदूत नियुक्त भई जिम्मेवारीसमेत सम्हाली सक्नुभएको छ । नेपाल सरकारले परराष्ट्र मन्त्रालयका सहसचिव प्रकाशमणि पौडेललाई गत साउनमा पोर्चुगलका लागि नेपाली राजदूतमा नियुक्त गर्न सिफारिस गर्ने निर्णय गरेको थियो भने राष्ट्रपति रामचन्द्र पौडेलले गत मङ्सिरमा उहाँलाई पोर्चुगलका लागि राजदूत नियुक्त गर्नुभएको थियो ।

पोर्चुगलमा नेपाली दूतावास स्थापनाका लागि गैरआवासीय नेपाली सङ्घ पोर्चुगललगायत यहाँ रहेका नेपाली सङ्घसंस्था, सामाजिक अभियन्तालगायत पोर्चुगलवासी नेपालीले लामो समयदेखि सङ्घर्ष गर्नुका साथै विभिन्न दबाबमूलक कार्यक्रमसमेत हुँदै आएको थियो ।

# विश्व समाचार

## ग्रिनेड विस्फोट हुँदा दुई बालबालिकाको मृत्यु

नोमपेन, ११ फागुन (रासस/एएफपी) ।

कम्बोडियामा भएको गृहयुद्धताका प्रयोग भएको विश्वास गरिएको हवाइ आक्रमणका लागि प्रयोग भएको ग्रेनेड घर नजिकै विस्फोट हुँदा कम्बोडियाका दुई बालबालिकाको मृत्यु भएको एक अधिकारीले आइतबार बताएका छन् ।

सन् १९८० र १९९० को दशकमा कम्बोडियाली सरकारी सैनिक र खमेर रुज लडाकुका लागि युद्धस्थल रहेको उत्तरपश्चिमी सिम रिप प्रान्तको दुर्गम गाउँमा शनिबार विस्फोट भएको हो ।

मृत्यु हुनेमा दुई वर्षका एक बालक र एक बालिका रहेका छन् ।

'कम्बोडियन माइन एक्सन सेन्टर (सीएमएसी)' का महानिर्देशक हेङ रतनाले एएफपीसँग भन्नुभयो, "अनुसन्धान प्रतिवेदनअनुसार दुई जना बालबालिका खेल्ने क्रममा जमिनमा माटो खनिरहेको बेला खन्ने औजारले ग्रिनेडलाई कोप्दा विस्फोट भएको र विस्फोटका कारण ती दुई बालबबालिकाको ज्यान गएको छ ।"

उहाँकाअनुसार एक बालकको घटनास्थलमा नै मृत्यु भएको छ भने अर्का एक बालकको उपचारका क्रममा अस्पतालमा मृत्यु भएको छ । "कम्बोडियामा पूर्ण रूपमा युद्ध समाप्त भएको छ र २५ वर्षभन्दा बढी समयदेखि शान्ति छ तर बारूदी सुरङ्ग र युद्धका अवशेषका कारण कम्बोडियाली जनताको रगत बगिरहेको छ," हेङ रतनाले भन्नुभयो ।

अमेरिकी राष्टूपति डोनाल्ड टूम्पले ९० दिनका लागि विदेशी सहायता रोक्का गर्ने आदेश दिएपछि वासिङ्टनले अचानक आर्थिक सहयोग रोकेपछि कम्बोडियाले केही हप्ताका लागि डिमाइनिङ अपरेसन आंशिक रूपमा स्थगन गरेका समय यो दुर्घटना भएको हो ।

शुक्रबार कम्बोडियाली अधिकारीहरूले अमेरिकाले देशमा कामको लागि वित्त पोषण जारी राख्नको लागि छूट प्रदान गरेपछि नफुटेका युद्ध सामग्रीहरू सफा गर्ने कार्यलाई निरन्तरता दिइनुपर्ने बारूदी सुरूङ सफाई अधिकारीले बताएका छन् ।

कम्बोडियामा सन् १९६० को दशकदेखि सुरु भएको दशकौं लामो युद्धका समय फ्याँकिएका गोलाबारुद र हातहतियार अहिले पनि व्यापक रूपमा भेटिने गरेका छन् ।

सन् १९९८ मा ३० वर्षभन्दा लामो गृहयुद्ध अन्त्य भएपछि कम्बोडियामा विस्फोटक पदार्थ हटाउन विश्वको सबैभन्दा बढी समय लगानी गरी ती हतियारलाई उत्खनन गरिएको छ । सन् १९७९ यता बारूदी हतियारका विस्फोटका कारण २० हजार जनाको मृत्यु भएको र त्योभन्दा दोब्बर घाइते भएको सरकारी तथ्याङ्कले देखाएको छ ।

गत महिना कम्बोडियाको धानखेतबाट दशकौं पुरानो विस्फोटक पदार्थसहितको ट्याङ्की हटाउने क्रममा दुई जना कम्बोडियाली अधिकारीको मृत्यु भएको थियो भने एक गाउँलेको खेतमा अलपत्र छोडिएको पूरानो वम विस्फोट हुँदा मृत्यु भएको थियो ।

कम्बोडियामा करिब एक हजार ६०० वर्ग किलोमिटर (६२० वर्ग माइल) भन्दा बढी भूमि अझै सफा गर्न बाँकी छ जसले गर्दा लगभग १० लाख कम्बोडियालीहरू युद्धका अवशेषहरूबाट प्रभावित छन्। कम्बोडियाले सन् २०२५ सम्ममा खानीमुक्त बनाउने लक्ष्य राखेको थियो तर सरकारले आर्थिक चुनौती र थाइ सीमामा भेटिएका नयाँ गोलाबारूदका कारण उक्त समयसीमालाई पाँच वर्ष पछाडि सारेको छ ।

## पोप फ्रान्सिसको स्वास्थ्य अवस्था जटिल अवस्थामा : भ्याटिकन

भ्याटिकन सिटी, ११ फागुन (रासस/एएफपी) ।

क्रिश्चियन धर्मगुरू पोप फ्रान्सिसको अवस्था गम्भीर रहेको भ्याटिकनस्थित उहाँको कार्यालयले आइतबार बिहान अस्पतालबाटै जारी एक विज्ञप्तिमा भनिएको छ।

गत फेब्रुअरी १४ देखि अस्पताल भर्ना भएका पोपलाई लामो समयसम्म श्वासप्रश्वासमा समस्या भएको र रगत चढाउनुपर्ने अवस्था आएको द होली सीले पोपको स्वास्थ्य अवस्थाबारे जानकारी गराउन शनिबार राति जारी विज्ञप्तिमा भनिएको छ ।

'शनिबार राति पोपले शान्तिपूर्वक आराम गर्नुभएको' होली सीले आइतबार बिहान दिएको संक्षिप्त अपडेटमा उल्लेख छ । सन् २०१३ देखि क्याथोलिक चर्चका प्रमुख रहेका अर्जेन्टिनी धर्मगुरुलाई सुरुमा ब्रोन्काइटिसका कारण रोमको जेमेली अस्पतालमा भर्ना गरिएको थियो ।

भ्याटिकनले शनिबार साँझ नियमित मेडिकल बुलेटिनजारी गर्दै भनेको छ, "होली फादरको अवस्था गम्भीर रहेको छ, त्यसैले उहाँ अझै 'खतरामुक्त' हुनुहुन्न ।" भ्याटिकनले फ्रान्सिस अझै पनि सतर्क रहेको र अघिल्लो दिनको तुलनामा बढी दुःख भोगेको भए तापनि कुर्सीमा दिन बिताएको बताएको छ ।

"नियमित रक्त परीक्षण भइरहेको र आइतबारको रिपोर्टमा रक्तअल्पतासँग सम्बन्धित 'थ्रोम्बोसाइटोपेनिया' समस्या पनि देखिएको छ," विज्ञप्तिमा भनिएको छ । थ्रोम्बोसाइटोपेनिया रगतमा प्लेटलेटको सङ्ख्या धेरै कम हुँदा हुन्छ र यसले रक्तस्राव रोक्न नसक्ने समस्या निम्त्याउन सक्छ र मानव स्वास्थ्यमा अत्यधिक जोखिम हुन सक्छ।

अमेरिकाको नेसनल इन्स्टिच्युट अफ हेल्थ (एनआईएच) का अनुसार अत्यधिक रक्तस्राव भइरहेको छ वा रक्तस्रावको उच्च जोखिममा छ भने जोखिम कम गर्नका लागि रक्तनलीमा 'इन्टूाभेनस (आईभी)' लाइनमार्फत रक्तनलीमा रगत वा प्लेटलेट ट्रान्सफ्युजन गरिन्छ ।

इटालीको कोरिएरे डेला सेरा अखबारले आइतबार बिहान 'पोपको अवस्था झनै बिग्रँदै गएको' शीर्षकमा समाचार छापेको छ भने ला रिपब्लिकाले भ्याटिकनको 'सबैभन्दा कालो दिन' भनेको छ ।

# महाशिवरात्रिको तयारी : आकर्षक बनाइँदै पशुपति क्षेत्र

काठमाडौँ, ११ फागुन (रासस)।

महाशिवरात्रि पर्वको दिन नजिकिएसँगै पशुपति क्षेत्रलाई साजसजावट गरेर आकर्षक बनाउन थालिएको छ। पशुपति क्षेत्रका वनकाली, भुवनेश्वरी, मुख्य मन्दिर क्षेत्र, घाट क्षेत्र, राममन्दिर, मृगस्थलीलगायतको स्थान झिलिमिली बत्तीले सिँगारिएको छ।

बत्तीका कारण रातभर पशुपति क्षेत्र जाज्वल्यमान देखिन थालेको छ। विभिन्न स्थानमा नेपालको झन्डा आकारमा बनाइएका बत्तीले भक्तजनलाई थप आकर्षित गरिरहेको छ। भुवनेश्वरीमार्गदेखि नै बत्ती र फूलले आकर्षक सजावट गरिएको पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा मिलनकुमार थापाले बताउनुभयो।

बत्ती र फूलले सजावट गरिएको पशुपति क्षेत्रमा महाशिवरात्रिका अवसरमा गरिएको रङरोगन पनि अन्तिम चरणमा पुगेको छ। रङरोगनले पशुपति क्षेत्र आकर्षक बेनेको छ। नेपालको झन्डा आकारमा सजाइएका बत्ती र फूलले आकर्षक देखिएको बालाजुबाट पशुपति क्षेत्र आउनुभएका दीपकप्रसाद घिमिरेले बताउनुभयो।

महाशिवरात्रिको तयारीका लागि कोष सञ्चालक परिषद्को अध्यक्षसमेत रहनुभएका संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेको संयोजकत्वमा २०१ सदस्यीय मूल समारोह समिति गठन गरिएको छ। मूल समारोह समिति अन्तर्गत नौ उपसमिति छन्। कोषका सदस्य सचिव थापाको संयोजकत्वमा सुरक्षा व्यवस्था उपसमिति, कोषाध्यक्ष नारायणप्रसाद सुवेदीको संयोजकत्वमा अनुगमन तथा तथ्याङ्क सङ्कलन व्यवस्था उपसमिति, परिषद् सदस्य हरिप्रसाद ढकालको संयोजकत्वमा स्वयंसेवा परिचालन व्यवस्था उपसमिति तथा परिषद् सदस्य शिक्षित पराजुलीको संयोजकत्वमा स्वास्थ्य सेवा व्यवस्था उपसमिति गठन गरिएको छ।

यसैगरी परिषद् सदस्य डा भरतप्रसाद बडालको संयोजकत्वमा साधुसन्त तथा धार्मिक कार्यक्रम व्यवस्था उपसमिति, परिषद् सदस्य राजुकुमार खत्रीको संयोजकत्वमा प्रचारप्रसार तथा साजसजावट व्यवस्था उपसमिति, परिषद् सदस्य बाबुशरण सुवेदीको संयोजकत्वमा आवास/भोजन तथा भौतिक पूर्वाधार व्यवस्था उपसमिति, परिषद् सदस्य रामेश्वर सँगतको संयोजकत्वमा मन्दिर दर्शन, चन्दन वितरण एवं रात्रीकालीन व्यवस्था उपसमिति, परिषद् सदस्य रेणुका पराजुलीको संयोजकत्वमा वातावरण, सरसफाइ तथा जुत्ता चप्पल व्यवस्था उपसमिति तथा कोषका कार्यकारी निर्देशक सुभाषचन्द्र जोशीको संयोकत्वमा महाशिवरात्रि पर्व-२०८१ को सचिवालय गठन गरिएको छ।

महाशिवरात्रिको तयारीका लागि गठन भएको मूल समारोह समिति र नौ वटै उपसमितिले आफ्नो कार्य क्षेत्र अनुसारका तयारीलाई अन्तिम चरणमा पुऱ्याएको कोषका सदस्यसचिव थापाले बताउनुभयो।

# मिथिला महाकुम्भ यात्राको तयारी

महोत्तरी, ११ फागुन (रासस)।

मधेसको महोत्तरीसहितका प्राचीन मिथिलाक्षेत्र अहिले भक्ति र समर्पणका दुई महापर्वमा जुटेको छ। यहाँ अहिले महाशिवरात्रि पर्व र मिथिलाको महाकुम्भ भनिने मिथिला माध्यमिकी परिक्रमाको तयारी छ।

फागुन कृष्णपक्षको त्रयोदशी तिथिका दिन मनाइने महाशिवरात्रि पर्व र दुई दिनलगत्तै औँसीका दिन सुरु हुने १५ दिने मिथिला माध्यमिकी परिक्रमाको तयारीमा मैथिल (मिथिलाका बासिन्दा) छन्। यसपालि आउने बुधबार महाशिवरात्रि पर्व मनाइने र त्यसको दुई दिनपछि शुक्रबार मिथिला माध्यमिकी परिक्रमा सुरु गरिँदै छ।

"फूल र बेलपत्र चढाएर माध्यमिकी यात्रा पूरा गर्ने याचना गर्नु छ", महाशिवरात्रि पर्वलगत्तै मिथिला माध्यमिकी परिक्रमाको तयारीमा रहनुभएका भङ्गाहा-४ रामनगरका ६५ वर्षीय लाली महतो भन्नुहुन्छ। महतोकै जस्तो अहिले महाशिवरात्रि पर्वका लागि महोत्तरी जिल्लाका गाउँगाउँमा बुँदे महापर्वबारे चासो र चर्चा बढेको छ। यसैगरी शिवालयमा पनि अहिले उत्सवको तयारी बढेको छ। जिल्लाका सबैजसो शिवालय अहिले पर्वविशेषमा सरसफाइसँगै रङरोगन गरिँदैछन्।

सदरमुकाम जलेश्वर-१ स्थित जलेश्वरनाथ, बर्दिवास-५ टुटेश्वरस्थित टुटेश्वरनाथ, भङ्गाहा-५ स्थित सिद्धनाथ, सोनमा-७ मगरथानास्थित मङ्गलनाथ र सम्सी गाउँपालिकाको गेढाभेटपुरस्थित धप्नेश्वरनाथसहितका शिवालयमा महाशिवरात्रि पर्वको चहलपहल बढेको छ। यसैगरी बर्दिबास-१४ स्थित कामेश्वरनाथ र बर्दिबास-३ राइमण्डलस्थित इन्द्रेश्वरनाथ महादेव मन्दिरमा पनि पर्वको तयारीले चहलपहल बढाएको छ। यी शिवालयमा महाशिवरात्रि पर्वका लागि मन्दिर व्यवस्थापन र सर्वसाधारण आवश्यक तयारीमा जुटेका छन्। महाशिवरात्रि पर्वका लागि स्थानीय तयारी थालिएको टुटेश्वरनाथ मन्दिर मेला व्यवस्थापन समितिका संयोजक तथा बर्दिबास-५ का वडाध्यक्ष काहारमान स्याङ्वाले जानकारी दिनुभयो।

मिथिलामा फागुन कृष्ण द्वादशीदेखि चतुर्दशीसम्म महाशिवरात्रि मेला आयोजन गरिने परम्परा छ। पर्व नजिकिएसँगै पर्वविशेषमा हुने किनबेचका सामग्री अहिले मन्दिर परिसर नजिक सजाइन थालिएका छन्। पर्वविशेषमा भाकलको भाण्टाभार, बेलपत्र र फूलपाती बेचेर केही आर्जन गर्ने जोहोमा सर्वसाधारण लागेका छन्। यसपालि महाशिवरात्रि पर्वमा १० हजार भाण्टाका भार बेच्ने तयारी गरेको भङ्गाहा-४ रामनगरका बहुरा महतो बताउनुहुन्छ।

मिथिलामा महाशिवरात्रि पर्व सम्पन्न गरिएलगत्तै दुई दिनपछि सुरु हुने फागुन शुक्लपक्षभरि मिथिला माध्यमिकी परिक्रमाको उत्सव मनाइन्छ। फागुन औँसीकै दिन सुरु हुने मिथिला माध्यमिकी परिक्रमामा महोत्तरी, धनुषा र छिमेकी मित्रराष्ट्र भारतको मधुवनी जिल्लासहित एक सय ३३ किलोमिटरको वृत्तभित्र १५ ठाउँमा रात्रिबास गरेर मिथिला माध्यमिकी परिक्रमा सम्पन्न गरिने परम्परा छ। अहिले आफ्नो ठाउँमा महाशिवरात्रि र मिथिला माध्यमिकी परिक्रमाको पाँचौँ दिनको रात्रि विश्रामको चाँजो मिलाउन अन्तिम तयारी भइरहेको जलेश्वर नगरप्रमुख सुरेश साह सोनारको भनाइ छ।

अवधकिशोर (मिथिलामा श्रीरामलाई मिथिलाविहारी र अवधकिशोर पनि भनिन्छ) र किशोरीजी (सीताजी)का प्रतिमा राखिएका डोला अघि लगाएर १५ दिन मिथिला क्षेत्रभित्रका तीर्थस्थलहरूको दर्शन गर्दै नाङ्गा खुट्टाले पैदल हिँडेर गरिने यो यात्रा मिथिलाको महाकुम्भ मानिन्छ। फागुन पूर्णिमाका दिन यो यात्रा सम्पन्न गरेसँगै होलिका दहनको धुरा उडाएर (होलिका राक्षसीको आकृति डढाएर त्यसको खरानी उडाइने चलन) त्यसको भोलिपल्ट हिन्दू धर्मावलम्बीले फागु अर्थात् होलीपर्व मनाउनेछन्। यो पर्व परम्परा मिथिलामा रामसीताको वनविहार र सत्ययुगमा राक्षसराज हिरण्यकशिपु र उनका विष्णुभक्त छोरा प्रह्लादसँग जोडिएका प्रसङ्ग पाइने गरेको मटिहानीस्थित लक्ष्मीनारायण मठका सन्त डा रवीन्द्रदास वैष्णब बताउनुहुन्छ।

मिथिला माध्यमिकी परिक्रमामा महोत्तरीका मटिहानी, जलेश्वर, मडै, ध्रुवकुण्ड र कञ्चनवनसहित पाँचवटा रात्रि विश्रामस्थल रहँदै आएका छन्। त्यसैगरी धनुषामा छ रात्रिविश्राम र भारतको मधुवनी जिल्लामा चार रात्रिविश्रामको परम्परा छ। नेपाल र भारतका हजारौँ साधुसन्त सहभागी हुने यो मिथिलाको महाकुम्भमा परिक्रमाका यात्रीको बासस्थान, प्राथमिक उपचार, भोजन र आपतकालीन सेवाका लागि रात्रिविश्रामस्थल रहेका ठाउँमा स्थानीय तह, मठमन्दिर व्यवस्थापन, सामाजिक सङ्घसंस्था र व्यक्तिहरूले स्वेच्छिक प्रबन्ध गर्ने गरेका छन्। माध्यमिकी परिक्रमाको संयोजन पछिल्ला दुई दशकयता विभिन्न मठमन्दिर व्यवस्थापनको समन्वयमा बृहत्तर जनकपुर क्षेत्र विकास कोष (परिषद्)ले गर्दै आएको छ।

यी बुँदे मिथिलाका महापर्व मानिन्छन्। महाशिवरात्रि मेला र मिथिला माध्यमिकी परिक्रमा मेला लाग्ने ठाउँ नजिकका बस्तीहरूमा घरघरैजसो मेलाउत्सव हेर्न आउने पाहुना भरिभराउ हुन्छन्। यी पर्व भन्नासाथ मेला हुँदै आएका ठाउँ नजिकका बस्तीका बासिन्दा आउने पाहुनाको स्वागत, खानपान र विश्रामको चाँजोमा केही दिन पहिलेदेखि नै लाग्ने गर्छन्। मिथिला क्षेत्र अहिले यी बुँदे महापर्वको तयारीमा जुटेको देखिँदो छ। यहाँ यो भेटघाट र कुशलक्षम बुझ्ने अवसर पनि रहँदै आएको मिथिला लोकपरम्पराका जानकार जलेश्वर-५ का ध्रुव राय बताउनुहुन्छ।

# विदेशबाट आउनेले ल्याएका सामग्रीको आम्दानीको स्रोत खोजिनुपर्ने

काठमाडौँ, ११ फागुन (रासस)।

भन्सार विभागका महानिर्देशक महेश भट्टराईले विदेशबाट फर्किने नेपालीले ल्याएका सुन, मोबाइल, ल्यापटप, क्यामेरालगायत सामग्रीको स्रोत खोजिनुपर्ने बताउनुभएको छ।

अर्थसमितिको आजको बैठकमा महानिर्देशक भट्टराईले मुख्यगरी दुबई र हङ्कङबाट सुन तस्करी हुने गरेको देखिएको उल्लेख गर्दै झिटीगुण्टासम्बन्धी कानुनले तोकेअनुसार वैध रूपमा ल्याइने सुनसहितका सामग्रीको पनि आर्थिक स्रोत खोजिनुपर्ने बताउनुभयो।

"झिटीगुण्टासम्बन्धी कानुनले महिलाका लागि ५० ग्राम र पुरुषको हकमा २५ ग्राम सुन ल्याउनसक्ने व्यवस्था गरेको छ। हप्तादिनका लागि दुबई घुम्न गएकाले त्यहाँबाट फर्किंदा ५० ग्राम सुन, दुईटा आइफोन, कम्प्युटर, क्यामेरालगायत सामग्री लिएर आउने प्रवृत्ति छ। दुबई र हङ्कङका विमानस्थलमा सुन पठाउने गिरोह नै हुनुपर्छ", भट्टराईले भन्नुभयो, "विदेशमा घुम्न जानेहरूले नेपालबाट बढीमा अमेरिकी डलर दुई हजार पाँच सय बराबर मात्रै लिएर गएका हुन्छन्। एक हप्तापछि फर्किंदा अमेरिकी डलर पाँच हजार बराबरको सुन लिएर आउँछन्। झिटीगुण्टा कानुनले तोकेको मापदण्डभित्रै भए पनि त्यसको आर्थिक स्रोत खोज्ने हो भने यो सरासर तस्करीका रूपमा लिन सकिन्छ।"

नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूलाई प्रतिदिन २० किलोसम्म सुन आयात गर्न दिने गरेको बताउँदै झिटीगुण्टाका रूपमा दैनिक त्योभन्दा बढी परिमाणको सुन नेपाल आइरहेको उहाँले उल्लेख गर्नुभयो। "म त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको प्रमुखका रूपमा रहँदा त्यहाँ एक दिनमा २२ किलोसम्म सुन झिटीगुन्टाका रूपमा आएको भेटियो। त्यो सुन गरगहनाका रूपमा व्यक्तिगत प्रयोगका लागिभन्दा पनि अधिकांश बजारमा जाने गर्दछ", भट्टराईले भन्नुभयो।

समितिको आजको बैठकमा सभापति सन्तोष चालिसेले त्रिभुवन विमानस्थल भन्सारबाट अवैध सुन भित्रिने गरेकाले वैध रूपमा ल्याइएको सुनलाई पनि भन्सार कर्मचारीले दुःख दिने गरेको व्यापक गुनासो आइरहेको बताउनुभयो। उहाँले यसबारे महानिर्देशक भट्टराईसँग जवाफ माग्नुभएको थियो। जवाफमा महानिर्देशक भट्टराईले झिटीगुन्टा कानुनले वैध मानेको सामग्रीको पनि कुन आर्थिक स्रोतबाट खरिद भएको हो भनेर जाँचबुझ गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

अर्थसमितिले आज 'भन्सारसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८०' माथि संशोधनकर्ता सांसदहरूसँग छलफल गरेको छ। संशोधनकर्ता सांसद महेशकुमार बर्तौलाले विधेयकले अन्तरराष्ट्रिय व्यापारलाई मात्र नभई आन्तरिक व्यापारलाई पनि सहजीकरण गर्ने विषय कानुनमा अटाउनुपर्नेमा जोड दिनुभयो। त्यस्तै, भन्सारमा वस्तु घोषणा गर्दा व्यापारीका प्रतिनिधिको ठाउँमा स्वयं व्यापारी उपस्थित भएर घोषणा गरिनुपर्ने व्यवस्था कानुनमा राख्नुपर्ने उहाँले सुझाव दिनुभयो।

बैठकमा सांसदहरू ज्ञानेन्द्रबहादुर कार्की, सूर्यबहादुर थापा क्षेत्री, गङ्गा कार्कीलगायतले यो विधेयकमाथिको छलफल यथाशीघ्र सक्नुपर्ने धारणा राख्नुभएको थियो। भन्सार जाँचपास प्रक्रियालाई थप प्रविधिमैत्री र सहज बनाउन तथा नेपाल पक्ष राष्ट्र रहेको क्योटो महासन्धि अनुकूल हुनेगरी भन्सार ऐन संशोधन आवश्यक रहेको भन्दै सरकारले यो विधेयक ल्याएको जनाएको छ।

नेपाल संशोधित क्योटो महासन्धि सम्झौता र विश्व व्यापार सङ्गनठको व्यापार सहजीकरण सम्झौताको पक्ष राष्ट्र हो। यी सम्झौताअनुसार संशोधित क्योटो महासन्धिका प्रावधानमध्ये सामान्य प्रावधान सदस्य भएको तीन वर्षभित्र तथा सङ्क्रमणकालीन मापदण्ड पाँच वर्षभित्र कार्यान्वयनमा ल्याइसक्नुपर्ने महासन्धिमा उल्लेख छ। त्यस्तै, व्यापार सहजीकरणका लागि भन्सारसँग सम्बन्धित प्रावधानहरू भन्सार ऐन नियमबाट सम्बोधन गर्न आवश्यक रहेको भन्दै सरकारले यो विधेयक ल्याएको हो।

# तीन हजार बढी फरार प्रतिवादी पक्राउ

काठमाडौँ, ११ फागुन (रासस)।

नेपाल प्रहरीले विभिन्न आपराधिक क्रियाकलापमा संलग्न रहेका व्यक्तिको खोजी अभियान तीव्र पारेको छ।

सोही क्रममा गएको माघमा मात्रै तीन हजार दुई सय ६४ जना फरार रहेका प्रतिवादीलाई पक्राउ गरेको छ। सबैभन्दा बढी काठमाडौँ उपत्यकाबाट यसरी फरार व्यक्ति पक्राउ परेका छन्। अदालतबाट मुद्दा फैसला भएर जरिवाना तथा कैद भुक्तानी गर्न बाँकी रहेकाको प्रहरीले खोजी गरेर अदालतमा बुझाउने गरेको छ।

सोही क्रममा विभिन्न आपराधिक गतिविधिमा संलग्न रहेका र अदालतबाट दोषी ठहर भएर फरार रहेका उनीहरुलाई देशभरबाट परिचालित फरार अपराधी खोजी अभियानका खटिएका प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक दिनेशकुमार आचार्यले जानकारी दिनुभयो।

उनीहरुबाट रु २३ करोड ९२ लाख ९१ हजार जरिवाना उठाइएको छ। उनीहरु कूल छ सय ७२ वर्ष छ महिना २३ दिन कैद तोकिएका व्यक्तिहरु हुन्। प्रवक्ता आचार्यका अनुसार कोशी प्रदेशबाट मात्रै पाँच सय २७ र मधेस प्रदेशबाट सात सय १३ जना फरार प्रतिवादी पक्राउ परेका छन्।

यस्तै बागमती प्रदेशबाट एक सय ७०, गण्डकी प्रदेशबाट दुई सय १७, लुम्बिनी प्रदेशबाट पाँच सय ८३, कर्णाली प्रदेशबाट ५५ र सुदूरपश्चिम प्रदेशबाट ८९ जना पक्राउ परेका छन्। सबैभन्दा बढी काठमाडौँ उपत्यकाबाट नौ सय तीन र केन्द्रीय अनुसन्धान ब्युरोले विभिन्न क्षेत्रबाट सात जना फरार प्रतिबादी पक्राउ गरेको छ।

उनीहरुलाई अदालतमा पेस गरिएको र अदालतबाट कैद भुक्तानीका लागि कारागार पठाइसकेको प्रहरी प्रधान कार्यालयले जानकारी दिएको छ।

# 'कृषि क्षेत्रमा सुधार र सहकार्य जरुरी'

काठमाडौँ, ११ फागुन।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालको कृषि सम्भावनाबाट फाइदा लिन सुधार र सहकार्य आवश्यक रहेको बताउनुभएको छ। आज यहाँ आयोजित नेपाल कन्ट्री इन्भेस्टमेन्ट छलफलका क्रममा उहाँले कृषि अर्थतन्त्रको मेरुदण्ड भएको उल्लेख गर्दै यसबाट फाइदा लिन सोही अनुरुपका रणनीति र कार्यक्रम आवश्यक भएको बताउनुभयो।

अहिले पनि कृषि क्षेत्रले ठूलो जनसङ्ख्यालाई रोजगारी प्रदान गरिरहेको, कुल गार्हस्थ उत्पादनमा उल्लेखनीय योगदान पुऱ्याएको चर्चा गर्दै उहाँले वित्तमा सीमित पहुँच, खण्डित भूमि स्वामित्व र पुरानो प्रविधि जस्ता विषयले नेपालले कृषिबाट आशातित सफलता हासिल गर्न नसकेको धारणा राख्नुभयो।

अध्यक्ष ढकालले वित्तीय समावेशीकरण मात्र पर्याप्त नभएको तर्क गर्दै कृषि मूल्य शृङ्खला सुधार गर्ने, किसानलाई बजारसँग जोड्ने र साना तथा मझौला कृषि व्यवसायका लागि पुँजीमा पहुँच सुनिश्चित गर्न फराकिलो दृष्टिकोणको आवश्यकता छ भन्नुभयो।

ग्रामीण उद्यमशीलताको विकासका लागि कृषि र ग्रामीण पूर्वाधारमा लगानी बढाउन आवश्यक भएको उहाँको भनाइ थियो। उहाँले आफूले व्यक्तिगत रुपमा पनि रेमिट्यान्सलाई औपचारिकीकरण गर्ने र ग्रामीण क्षेत्रहरूमा वित्तीय सेवाहरू विस्तार गर्ने, किसान, महिला उद्यमी र साना व्यवसायहरूलाई सशक्त बनाउने काम गरिरहेको बताउनुभयो।

उहाँले नेपालको आर्थिक परिदृश्यलाई रूपान्तरण गर्ने परियोजना र कम्पनीमा लगानी गर्ने लक्ष्यका साथ महासङ्घको अगुवाइमा नेपाल डेभलपमेन्ट पब्लिक लिमिटेड कम्पनी स्थापना गरी कामहरू अगाडि बढाइएको जानकारी दिनुभयो। नेपालको कृषि तथा अन्य विकास परियोजनामा विकास साझेदारहरूको सहयोग प्रति आभार व्यक्त गर्दै अध्यक्ष ढकालले समृद्ध अर्थतन्त्र निर्माणका लागि सरकार विकास साझेदार र निजी क्षेत्रको सहकार्यमा जोड दिनुभयो।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*